नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

## स्याङ्जा

फोन नं. ०६३–४२४१४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेवसाइट: piusyangja.pmamp.gov.np

सूचना नं. ०२      प्रथम पटक प्रकाशित सूचना: २०८३/०५/०१

**कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषि, वन तथा पर्यावरण मन्त्रालय ( साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय) बाट स्वीकृत कृषि, तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम संचालन कार्यविधि , २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले २१ दिन भित्र अर्थात मिति २०८३/०५/२२ गते भित्र यस कार्यालयमा अनुसूची २ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची ३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

| सञ्चालन हुने कार्यक्रमको नाम | लाभान्वित लाभग्राही | कार्यक्रमको सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बालीवस्तु/ क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | स्याङ्जा जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा ५०% वा चार लाख रुपैयाँमध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

**निवेदन सँग संलग्न कागजातहरू:**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको व्यवसायिक प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरूको प्रतिलिपि (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसँग सम्वन्धित संरचना निर्माणतर्फ कम्तीमा १० बर्षको लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा आ.व. २०८१/०८२ सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरू।

(५) स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि।

(६) कृषि समूह/सहकारी संस्थाको हकमा सम्बन्धित संस्थाले गरेको निर्णयको प्रतिलिपि।

(७) समूह/सहकारी संस्थामा निवेदकको सदस्यता भएमा सम्बन्धित समूह/सहकारी संस्थाले दिएको सिफारिस पत्र।

०८३/०५/०१
अजय अधिकारी
वरिष्ठ कृषि अधिकृत



CamScanner

नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२४१४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइट: piusyangja.pmamp.gov.np

सूचना नं. ०2

प्रथम पटक प्रकाशित सूचना: २०८३/०५/०१

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन हुने बालीवस्तु तथा मुल्य-श्रृंखलाका क्षेत्रः

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण।
(ख) तरकारी बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण।
(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात ।
(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।
(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण।
(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण।
(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन ।
(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण।
(झ) प्राङ्गारिक, गडयौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण।
(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय
(ट) फलफूल प्रशोधन र बजारीकरण।
(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन।
(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण।
(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा संचालन।
(ण) घासबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय।
(त) प्राङ्गारिक कृषि वस्तु निर्यात।
(थ) व्यवसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन।
(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०५०००८, ९८५६०५२९४५, ९८५६०६११४६,
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

083/05/01
अजय अधिकारी
वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production,
Path to Self-Sufficiency"

"आत्मनिर्भर अर्थतन्त्रको लागी कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकरण"

CS CamScanner